MahadSunnah

# سجود السهو

# सज्दए सह्व

नेपाली भाषा

اللغة النيبالية

## शेख डा. हैथम सरहान

(अल्लाह उहाँको रक्षा गरून्)

ALSARHAAN.COM

MAHADSUNNAH.COM

# (सज्दए सह्व) बिर्सने को सज्दह ।

सह्व: कुनै कुरा बिर्सनु र ध्यान नदिनु।

र सज्दए सह्व: नमाजका कर्तव्यहरू बिर्सेपछि दुईवटा सजदाहरु नमाजको अन्त्यमा वा नमाजपछि गरिनेलाई सज्दए सह्व भनिन्छ।

जुन् अनिवार्य नमाज र स्वेच्छाले पढिने नमाज दुबैमा लागु हुनेछ ।

सज्दए सह्वका कारणहरु : कमी, बेसी र शंका।

नमाजका कुनै कर्तव्यलाई बिर्सेर बढि गर्ने, जस्तै रुकुअ,सज्दह,र कोऊद आदि, यस्तो अवसथामा सलाम पछि सज्दए सह्व गर्नुपर्नेछ ।

र जसले नमाजका कुनै कर्तव्यलाई बिर्सेर कम गर्यो जस्तै रुकुअ,सज्दह आदि उसलाई सलाम पछि सज्दए सह्व गर्नुपर्नेछ।

र जसले पहिलो तशव्हुद वा जलुस आदि जस्ता कुनै अनिवार्य कुरा छाड्यो भने उसले आफ्नो नमाज जारी राख्नुपर्नेछ, तर उसले सलाम भन्दा अघि सज्दए सह्व गर्नुपर्नेछ।

र शंकाको कुरा गर्ने हो भने, यदि कसैलाई शंका लाग्यो कि उसले कति रकत पढ्यो तीन पढ्यो वा चार पढ्यो, यस्तो अवस्थामा उहाँ जुन् अंङ्कमा ढुक्क हुनुहन्छ त्यो पढ्ने सलाम पछि सज्दए सह्व गर्ने।

र यदि निश्चित छैन भने न्यूनतममा अंङ्कलाई मान्ने। र तीन रकत मानेर चौथो रकत फेरि पढ्ने। सलाम भन्दा अघि सज्ए सह्व गर्ने।

र यदि उसले अनिवार्य कर्तव्यहरू छाडेको छ भने चाहे त्यो अज्ञान्ताले होस् वा शंकाले तब उसलाई सलाम भन्दा अघि सज्ए सह्व गर्नुपर्नेछ।

र यदि उसले कमिबेसी गर्यो चाहे त्यो अज्ञान्ताले होस् वा शंकाले तब उसलाई सलाम पछि सज्ए सह्व गर्नुपर्नेछ।

र यदि उसले सज्ए सह्व गर्न बिर्सियो र फर्कियो यस्तो अवस्थामा उसले सलाम अघि र पछि दुबै तरिकाले सज्ए सह्व गर्न सक्छ। तर यदि विराम लामो भयो र वजु पनि भङ्ग भयो भने यस्तो अवस्थामा सज्ए सह्व  माफ हुनेछ।

र यदि इमामले नमाजका केही कर्तव्यहरू बिर्सयो र सज्ए सह्व गर्यो तब मुक्तदिहरुले पनि  सज्ए सह्व गर्नुपर्नेछ, चाहे इमाम तिनीहरुसँग बिर्सेको होस् वा एक्लै, र जसले इमामको पछि नमाज पढ्दा पढ्दै बिर्सियो उसले यस भुलको लागि सज्ए सह्व गर्नुपर्दैन।

तर यदि उसको नमाजका केही अंशहरु छुटेको होस् भने उसले नमाज पछि सज्ए सह्व गर्नुपर्छ।

र यदि नमाजको हालतमा बारम्बार बिर्सियोस् भने यस्तो अवस्थामा दुईवटा सज्जहहरु यसको लागि पर्याप्त हुनेछन्।

अबू हुरैरह बाट वर्णित छ:  अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो, "जब तिमीहरूमध्ये कोही नमाजको लागि खडा हुन्छ, शैतान आउँछ र उसलाई शंकामा हाल्छ जबसम्म उसले कति रकत नमाज पढेको बिर्सन्छ, त्यसैले यदि तिमीहरूमध्ये कसैलाई यस्तो भयो   भने उसले बसिरहेको बेला दुईवटा सजदा गर्नुपर्छ।